निर्णय

१. नेपाल सकारबाट स्वीकृत भएको र पन्ध्रौं योजनामा Game Changer Project को रूपमा समावेश भएको Digital Nepal Framework को प्रभावकारी कार्यान्वयन र सरकारी तथ्याङ्कको सुरक्षा संवेदनशीलता, सरकारी सामाग्रीमा पेन ड्राइभको प्रयोग र इमेलको सुरक्षा लगायत सूचना प्रविधिको प्रयोग र सुरक्षालाई समेत मध्यनजर गरेर हार्डवेयर र सफ्टवेयर खरिद सम्बन्धी मापदण्ड र प्रकृया सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रकको कार्यालय र राष्ट्रिय अनुसन्धान विभागको प्रतिनिधित्व हुने गरी कार्यदल बनाई दुई हप्ता भित्रमा प्रतिवेदन पेश गर्ने र आगामी बैठकमा छलफल गर्ने आवश्यक व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने/गराउने ।

२. Digital Nepal Framework को कार्यान्वयनको सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्तुति र सरकारी तथ्याङ्कको सुरक्षा संवेदनशीलता, सामग्रीमा पेनड्राइभ उपयोग र इमेलको सुरक्षा लगायतका विषयमा राष्ट्रिय अनुसन्धान विभागको अध्ययन प्रस्तुति सबै मन्त्रालय/निकायमा जानकारीको लागि पठाउने ।

३. सिंहदरवार प्रवेशको सुरक्षा व्यवस्थालाई अझ बढी प्रभावकारी बनाउन सिंहदरवार प्रवेश पास प्रणालीलाई गृह मन्त्रालयले थप व्यवस्थित गर्ने ।

४. आ.व २०७८/७९ वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरि, स्वीकृत कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा २०७८ आषाढ मसान्त भित्र अनिवार्य रूपमा पठाउने ।

५. मिति २०७७/१२/०९ को सचिव बैठकबाट भएको निर्णयानुसार म.ले.प बेरुजु फछ्यौंट सम्बन्धी प्रगतिको विवरण २०७७ चैत्र मसान्तभित्र प्रधानमन्त्री तथा

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

मुख्य सचिव

मन्त्रिपरिषद्को कार्यालयमा पठाउन निर्देशन भएकोमा हालसम्म पनि सो अनुरुपको विवरण पठाउन बाँकी मन्त्रालय निकायले पुन: ताकेता गर्न नपर्ने गरि ३ दिन भित्र बेरुजु फछ्यौंटको प्रगति विवरण पठाउने ।

६. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकारका सबै मन्त्रालय तथा निकायहरूबाट दैनिक रूपमा सम्पादित कार्यहरूको विवरण लिई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रवक्ता मार्फत दैनिक प्रेस विज्ञप्ति जारी गर्ने गरिएको छ। यसबाट नेपाल सरकारले गरेका कार्यहरूको सर्वसाधारण नागरिक तथा सञ्चार माध्यमहरूलाई जानकारी तथा सूचना संकलनमा सहज भएको छ । यस सम्बन्धमा मन्त्रालय तथा निकायहरूले कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका सम्बन्धमा भएका कार्यहरूको दैनिक प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रुपमा पठाउने ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२०७६/१२/१९

मुख्य सचिव